जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १०८ २०८० साल मंसिर १० गते आइतबार (26 Nov. 2023 Sunday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लैङ्गिक हिंसा विरुद्धको.. ३ पृष्ठमा : मधेसका ४३ प्रतिशत ... ३ पृष्ठमा इजरायलको प्रधानमन्त्री कार्यालयद्वारा...

## उद्योग दिवसमा पाँच महिलासहित १६ उद्यमी सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

घरेलु तथा साना उद्योग कार्यालय सप्तरीले शनिबार साना लगानीका १६ जना उद्योगि व्यवसायीलाई सम्मान गरेको छ ।

नवौं उद्योग दिवस २०८० को अवसरमा शनिबार आयोजित कार्यक्रममा पाँच महिलासहित १६ जना उद्यमीहरुलाई सम्मान गरेको हो ।

घेरलु तथा साना उद्योगबाट स्वकृती लिएर साना लगानीमा स्वरोजगारमूलक कार्य गरि अरुलाई समेत रोजगार प्रदान गर्दै आएका ती १६ जना उद्यमीलाई सम्मान गरिएको कार्यालयका प्रमुख एवं उद्योग अधिकृत रेखा यादवले जानकारी दिइन् ।

सम्मानित हुनेहरुमा विभिन्न बोटबिरुवाको पातको पाउडर बनाएर देश विदेशमा निर्यात गर्न सफल सुरुङ्गा नगरपालिका ६ का लालबहादुर चौधरी, उद्योगबाट साबुन र सर्फ उत्पादन गरेर बिक्रि गर्दै आएका राजविराज ६ का सुनिल कुमार साह, माटाका भाडाहरु निर्माण गर्ने कंचनरुप ५ का सीताराम पण्डित, सिलाई कटाई कार्यमा संलग्न डाक्नेश्वरी ८ की रेणु कुमारी साह, सुरुङ्गा ५ की पारो चौधरी, अर्गेनिक कृषिमा लागेका राजविराज १४ का विद्यानन्द मण्डल, पेपर प्लेट उत्पादन गर्ने हनुमाननगर कंकालिनी ३ का कैलाश दास, लाहाका चुरा बनाउने शम्भुनाथ ३ की लक्ष्मी पासवान, साबुन उत्पादन गर्ने कार्यमा संलग्न कंचनरुप १२ का मिराज अली, नुडल्स् बनाउने कार्यमा संलग्न सोही वडाका मो. मनान, होटल व्यवसायीकर्मी रुपनी १ की बिन्दादेवी साह, पुरानो बोतललाई पुन:प्रशोद्धन गरि बिजुलीको पाइप निर्माण गर्ने छत्र नारायण यादव, ब्युटिसियन राजविराज ३ की पुनम गुप्ता, मोटरसाइकल ग्यारेज खोलेका राजविराज ८ का घनश्याम यादव, सिलाई कटाई कार्यमा संलग्न राजविराज ३ का कल्पना साह र छापाखाना संचालन गरेका राजविराज ८ का नवीनकुमार गुप्ता छन् ।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी किरण थापाले साना उद्योगका उद्यमीहरुले थोरै पूँजीमा स्वरोजगारमूलक कार्य गरिरहेकोप्रति प्रंशसा गर्दै उनीहरुलाई चाहिने आवश्यक प्राविधिक ज्ञान र निगरानीका निम्ति घरेलु कार्यालयलाई सहकार्य गर्न सुझाव दिए । उनले अहिले नेपाल प्रयोगशालाको रुपमा प्रयोग भइरहेको भन्दै यसप्रति चनाखो हुनुपर्नेमा जोड दिए ।

घरेलु कार्यालयका प्रमुख रेखा यादवको अध्यक्षतामा सम्पन्न

*बाँकी तीन पृष्ठमा*

## प्रतिष्ठान सूचारुका लागि सप्तरी युथद्वारा सप्ताहव्यापी आन्दोलन घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

सप्तरी युथ नेपालले रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान अबिलम्ब सूचारु गराउन दबाब रुवरुप एक हप्ते आन्दोलनको घोषणा गरेको छ ।

युथ नेपालका कार्यवाहक अध्यक्ष मोहन यादवद्वारा शनिबार जारि विज्ञप्तिमा प्रतिष्ठान अबिलम्ब सुचारु गराउन बैठक बसी सरकारलाई दवाव दिने उद्देश्यले आन्दोलनमा उत्रिने निर्णय गरेको उल्लेख छ ।

सम्पन्न बैठकले सत्येन्द्र यादवको संयोजकत्वमा १८ सदस्यीय आन्दोलन समिति समेत गठन गरेको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्ति मार्फत मंसिर १० गते जिल्ला प्रशासन कार्यालय मार्फत् प्रधानमन्त्रीलाई ज्ञापन बुझाउने, मंसिर ११ गते र्‍याली प्रदर्शन, मंसिर १२ गते सिटी जुलुस प्रदर्शन, मंसिर १३ गते दिउँसै टर्च बालेर नेता तथा सांसदको खोजी गर्ने, मंसिर १४ गते जिल्ला प्रशासन कार्यालयको मूल गेटमा एक घण्टा धर्ना दिने र मंसिर १५ गते सोही कार्यालयको मूल गेटमा दुई घण्टा धर्ना दिने आन्दोलनका कार्यक्रमहरु सार्वजनिक गरिएको छ ।

एक हप्ते आन्दोलनपछि पनि सरकार गम्भीर नभए पुन: अर्को चरणको आन्दोलन घोषणा गर्ने विज्ञप्तिमा उल्लेख गर्दै आन्दोलनमा समग्र जिल्लाका राजनीतिज्ञ, बुद्धिजिवी, शिक्षक, विद्यार्थी, अधिकारकर्मी, संचारकर्मीसहित सबैसँग सहयोगका लागि अनुरोध गरिएको छ ।

## आगलागिमा पाँच लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. १ स्थित परसाहीमा शनिबार दिउँसो आगलागि भएको छ ।

स्थानिय छेदी यादवको घरमा अचानक भएको उक्त आगलागि एक गाईगोठ र दुई वटा कोठा जलेर नष्ट भएको पीडितले जानकारी दिएका छन् ।

आगलागिमा लत्ताकपडा, अन्नपात, नगद, फर्निचर लगायत जलेर नष्ट हुँदा करिब ५ लाख मुल्य बराबरको क्षति भएको जनाइएको ।

स्थानीयवासी, प्रहरी, बारुणयन्त्रको सहयोगमा आगो करिब एक घण्टाको प्रयासमा नियन्त्रणमा लिइएको पीडितले बताएका छन् । दिउँसो ३ बजेतिर लागेको आगलागिको कारण खुल्न सकेको छैन् ।

## प्रतिबन्धित २५ किलो गाजा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

सप्तरी राजगढ गाउँपालिका क्षेत्रबाट शसस्त्र प्रहरीले प्रतिबन्धित गाजा बरामद गरेको छ । उक्त गाउँपालिकाको वडा ६ स्थित मुतनी खोला क्षेत्रबाट प्रहरीले शुक्रबार मध्य राती २५ किलो गाजा बरामद गरेको हो ।

नेपालबाट भारततर्फ झोलामा गाजा बोकेर जाँदै गरेको

*बाँकी तीन पृष्ठमा*


अनुसूचि २
(घरभाडा लिने सम्बन्धी निर्देशिका, २०७१ दफा ६ संग सम्बन्धित)

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय जनकपुर**

**घर जग्गा भाडामा लिने सम्बन्धी १५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः२०८०।०८।१०**

कृषि विकास बैंक लि. शाखा कार्यालय कल्याणपुरको प्रयोजनको लागि घर/जग्गा भाडामा लिन आवश्यक भएकोले सप्तरी जिल्ला खडक.न.पा.वडा नं. ७ को मुख्य राजमार्ग स्थित रहेको कल्याणपुर चौक देखि पुर्व ईन्द्र चौतारी सम्मजाने लिंक रोडको दायाँबायाँ घर/जग्गा कम्तिमा १० वर्ष वा सो भन्दा बढी अवधीको लागि भाडामा दिन इच्छुक घरधनीले निम्न शर्त/सुविधाहरुको अधिनमा रही घर भाडामा दिन प्रस्ताव आव्हान गरिन्छ ।

**शर्त सुविधाहरु :**

१) कार्यालय रहने घरको भुई तल्ला वा पहिलो तल्लामा काउन्टर निर्माणको लागि कम्तिमा ३५०० वर्ग फिटको खाली स्थान हुनुपर्दछ । कार्यालय संचालनको लागि कम्तिमा १० कोठा र सो बराबरको पार्टिशन गर्ने खाली ठाउँ हुनु पर्दछ ।
२) आवश्यक घरको क्षेत्रफल, कोठाहरु, उपयुक्त स्थानमा ATM राख्ने व्यवस्था, पार्किङ्गस्थलको व्यवस्था, जेनेरेटर आदि राख्ने व्यवस्था हुनुपर्ने छ ।
३) घरमा पानी, बत्ती विजुली, टेलिफोन, शौचालयको राम्रो व्यवस्था भएको हुनुपर्ने छ ।
४) घर भित्रि संरचना परिवर्तन गर्न आवश्यक भएमा उक्त कार्य गर्न घर धनीले मन्जुरी दिनुपर्ने छ ।
५) मासिक कति रकममा घरभाडा दिन चाहेको हो प्रष्ट रुपमा अंक र अक्षरमा खुलाउनु पर्ने छ ।
६) घर भाडा रकममा नियमअनुसार लाग्ने कर कट्टी गरी बाँकी रकम महिनाको अन्त्यमा भुक्तानी गरिने छ ।
७) घरभाडा सम्बन्धी शिलबन्दी प्रस्ताब यस बैंकको मधेश प्रदेश कार्यालय जनकपुरमा मिति २०८०/०८/२४ गते कार्यालय समय भित्र दर्ता गराई सक्नु पर्नेछ ।
८) घर भाडा सम्बन्धी प्रस्ताबहरु मिति २०८०/०८/२५ गतेको ३.०० वजे प्रस्तावकर्ताहरुको उपस्थितिमा वा अनुपस्थितिमा समेत मधेश प्रदेश कार्यालय जनकपुरमा खोलिने छ ।
९) आवश्यकता अनुसार घरभाडा लिने स्थानमा गई निरीक्षण गरी घर रहेको स्थान, बाटो को अवस्था, घरको बनाबट, क्षेत्रफल, भौतिक सुविधा, प्रस्ताव गरेको घरभाडा रकमलगायत अन्य कुराहरुमा विष्लेषण गरी आवश्यक निर्णय गरिने छ ।
१०) आवश्यकता अनुसार घरको रंगरोगन तिन वर्षमा एकपटक घरधनीले गर्नु पर्नेछ ।
११) घरभाडा सम्बन्धी प्रस्ताबहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा रहने छ ।
१२) अन्य कुराको हकमा यस बैंकको आर्थिक प्रशासन विनियमावली, २०६४ पहिलो संशोधन सहित र घरभाडामा लिने सम्बन्धी निर्देशिका,२०७१ अनुसार हुने छ ।
१३) थप जानकारीको लागि बैंकको निम्न ठेगानामा सम्पर्क राख्नु होला ।

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय जनकपुर**
**सम्पर्क नं.-०४१-४२०४०३/०४१-४२०६७०**

# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सुरु

**सीता भट्टराई**

काठमाडौँ, ९ मङ्सिर (रासस) ।

हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर मनाइने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शनिबारदेखि सुरु भएको छ ।

'लैङ्गिक हिंसा मानव अधिकारको हनन हो' भन्ने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा जनचेतना विस्तार गर्न नेपालले पनि हरेक वर्ष नोभेम्बर २५ तारिखमा महिला हिंसा विरुद्धको राष्ट्रिय अभियान दिवसका रूपमा मनाउने गरेको छ ।

सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसा विरुद्धको दिवस मनाउँदै आएको भए पनि सन् १९९९ मा संयुक्त राष्ट्रसङ्घले अनुमोदन गरेपछि महिलामाथि हुने हिंसा विरुद्धको विभिन्न अभियान सुरु भएको पाइन्छ ।

नेपालमा यो दिवस सन् १९९७ देखि विभिन्न कार्यक्रमको आयोजना गरी मनाउन थालिएता पनि विसं २०७५ कात्तिक २९ गतेको मन्त्रिपरिषद्को बैठकले हरेक वर्ष नोभम्बर २५ तारिखलाई महिला हिंसा विरुद्धको १६ दिने अभियान दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । यसैलाई प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले सबै समुदायदेखि तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी यो दिवस मनाउँन थालिएको हो ।

महिलामाथि हुने हिंसाविरुद्ध व्यापक जनचेतना जगाउने र समस्याको पहिचान गरी समाधानका लागि राज्यलाई कानुनी आधार तय गर्न सहकार्य गर्नु, लैङ्गिक हिंसा विरुद्ध पुरुषको सहकार्यलाई अभिवृद्धि गर्नु, लैङ्गिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने अधिकारकर्मीबीच ऐक्यबद्धता गर्नु, लैङ्गिक हिंसाका विविध आयाममा रणनीतिक छलफल गर्नु १६ दिने अभियानका मुख्य उद्देश्य रहेका छन् ।

नोभेम्बर २५ देखि डिसेम्बर १० का बीचमा पर्ने अन्य दुई महत्वपूर्ण दिवसलाई पनि यही १६ दिने अभियानअन्तर्गत मनाउने गरिएको छ । जसमा डिसेम्बर १ एड्स दिवस र डिसेम्बर १० मा विश्व मानव अधिकार दिवस पर्दछन् । यस अभियानअन्तर्गत विश्वव्यापी रुपमै महिला हिंसासँग सम्बन्धित चरणबद्ध अन्तरक्रिया, सडक नाटक, पोष्टर तथा पम्प्लेट प्रतियोगिता, सार्वजनिक सुनुवाइ, सूचना/शिक्षा सामग्रीको प्रदर्शन, सञ्चार अभियान, गोलमेच छलफललगायत कार्यक्रम गरी मनाउने गरिएको छ ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । २१औँ शताब्दीमा समेत महिलालाई हेर्ने विभेदपूर्ण दृष्टिकोण, सामाजिक मूल्यमान्यता र यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यासका कारण महिलाको नेतृत्व स्वीकार हुने वातावरण बन्न सकेको छैन । महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई राज्यले कानुनद्वारा दण्डनीय बनाएको छ ।

लैङ्गिक समानतालाई विकास र समृद्धिका सवालका रूपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धिको स्थापना हुन नसक्ने तथ्यलाई विश्वले आत्मसात् गरिसकेको छ । यसै सन्दर्भमा नेपाल सरकारले लैङ्गिक हिंसाको सम्बोधनका लागि नीतिगत, कानुनी व्यवस्थाका साथै विभिन्न अभियानमूलक र सचेतनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

**ऐतिहासिक पक्ष**

नोभेम्बर २५ लाई महिलामाथि हुने हिंसाविरुद्ध अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउनुका पछाडि यसको छुट्टै इतिहास छ । यो दिवसको सन्दर्भ डोमिनकन गणतन्त्रका एकै परिवारका तीन दिदीबहिनीको हत्यासँग जोडिएको छ । मिराबेल परिवारमा जन्मिएका यी तीन दिदीबहिनी राजनीतिक कार्यकर्ता थिए र तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० मा उनीहरूको निर्मम हत्या गरेको थियो । जसलाई लिङ्गका आधारमा हुने राजनीतिक हिंसाको प्रतिरुप मानिन्छ ।

पेट्रिया, मिनर्भा र मारिया नाम गरेका तीन दिदीबहिनी शिक्षित र सचेत थिए । यी दिदीबहिनी तत्कालीन त्रुजिलो तानाशाहीको विरुद्धमा भएकाले तत्कालीन सरकारले तीन दिदीबहिनी र तिनका सबै परिवारलाई राज्यद्रोहको आरोप लगाएको थियो । यिनीहरू पटकपटक जेल परेका थिए । मिनर्भा चार पटकसम्म जेल परेकी थिइन् । जेलमा दिइने चरम यातानाका बाबजुद यी दिदिबहिनीले तानाशाही सरकारको विरोध गर्न छाडेका थिएनन् ।

यसै क्रममा सन् १९६० मा निरङ्कुश सरकारको विरोध सशक्त आन्दोलनमा उत्रिने उद्देश्यले डोमिनिकन गणराज्यको एउटा सहरमा विशाल भेलाको आयोजना गरिएको थियो । जुन भेलामा तिनै दिदीबहिनीले सम्बोधन गर्ने कार्यक्रम थियो । उत्तल कार्यक्रममा राज्यको हस्तक्षेपका कारण सफल हुन सकेन र अन्ततः उनीहरू पक्राउ परे । सन् १९६० को सुरुआतमै त्यहाँको सरकारले यिनीहरूलाई मुलुकको ठूलो समस्याका रूपमा घोषणा गऱ्यो । यसरी घोषणा गरेको ११ महिनापछि नोभेम्बर २५ तारिखका दिन यिनीहरूको हत्या गरियो ।

यी दिदिबहिनीको हत्यालाई महिला विरुद्धको हिंसाका रूपमा लिइयो र यिनीहरूको सम्झनामा विभिन्न कार्यक्रमको आयोजना गर्न थालियो । डोमिनिकन गणराज्यका थुप्रै गीत, कविता र पुस्तक यी दिदीबहिनीको सम्झना र योगदानमा लेखिएका छन् । सन् १९९२ मा रुत्गर्स विश्वविद्यालयको महिलाहरूको भूमण्डलीय नेतृत्व केन्द्रले प्रायोजन गरी सञ्चालन गर्न थालेपछि यसले अन्तर्राष्ट्रिय अभियानको रुप लिएको हो ।

सन् १९९५ मा डोमिनिकन गणराज्य तथा अन्य ७४ सदस्य राष्ट्रले नोभम्बर २५ लाई महिलाविरुद्ध हुने हिंसा उन्मूलन दिवसका रूपमा मनाउन संयुक्त राष्ट्रसङ्घमा पेस गरेको प्रस्ताव संयुक्त राष्ट्रसङ्घको महासभाबाट सोही वर्षको डिसेम्बर १७ का दिन सर्वसम्मत रूपमा पारित भएपछि संयुक्त राष्ट्रसङ्घीय प्रणालीका राष्ट्रहरू विश्वव्यापी रूपमा यो अभियानमा सहभागी हुँदै आएका छन् ।

संयुक्त राष्ट्रसङ्घीय प्रणालीले यो दिवस मनाउने क्रममा महिलामाथि हुने हिंसा विरुद्ध जनचेतना जगाउने र समस्याहरूको पहिचान गरी तिनको समाधानका लागि राज्यहरूलाई कानुनी आधार तय गर्न सहकार्य गर्दै आएको छ । मानव अधिकार नै महिला अधिकार हो भनी वकालत गर्दै संयुक्त राष्ट्रसङ्घीय प्रणालीले त्यसको कार्यान्वयनका लागिसमेत जोड दिँदै आएको छ ।

यस वर्ष 'महिला तथा बालबालिका विरुद्धको हिंसा रोक्न लगानीमा एकजुट' अन्तर्राष्ट्रिय नाराका साथ मनाउन लागिएको यस अभियान मनाउने सन्दर्भमा नेपालमा पनि 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराका साथ देशव्यापीरूपमा मनाइँदै छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यस वर्ष १६ दिने अभियान अवधिभर सरोकारवाला निकायको समन्वयमा व्यापक कार्यक्रम गरी सातै प्रदेशमा प्रदेशस्तरीय विभिन्न जनचेतनामूलक र सन्देशमूलक तथा विविध कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

# त्रिवि पुस्तकालय २४सै घण्टा सञ्चालन

काठमाडौँ, ९ मङ्सिर (रासस) ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय २४सै घण्टा सञ्चालनमा आएको छ । विद्यार्थीलाई पठन संस्कृतिमा सहज बनाउनका लागि पुस्तकालय २४ घण्टा नै सञ्चालनमा ल्याइएको हो ।

पुस्तकालयका निमित्त प्रमुख सागरराज सुवेदीले पढ्ने मानिसलाई सहजताका लागि पुस्तकालयको तीन अध्ययन कक्ष सातै दिन २४सै घण्टा नै खुला गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को आग्रहमा त्रिविले पुस्तकालयको अध्ययन कक्ष २४ घण्टा सञ्चालनमा ल्याएको हो । यसअघि पुस्तकालयको अध्ययन कक्ष बिहान ५ बजेदेखि साँझ ७ बजेसम्म खुल्ने गरेको थियो ।

"दिउँसो समय नहुने विद्यार्थीका लागि हामीले सहजता उपलब्ध गराउने उद्देश्यले रातभर नै पुस्तकालयको अध्ययन कक्ष सञ्चालन ल्याएको हौँ", सुवेदीले भन्नुभयो, "राति एक समूहका विद्यार्थी आउने गरेका छन् ।"

पुस्तकालय अधिकृत विजय शर्माका अनुसार अनुसन्धानकर्ता, दिउँसो काम गर्ने र राति अध्ययन गर्नेलगायत व्यक्ति रातिको समयमा पढ्न आउने गर्दछन् । "रातिको समयमा दैनिक १५ देखि २० जना आउने गर्नुभएको छ", उहाँले भन्नुभयो, "साँझ ७ बजे आएर बिहान ६ बजेसम्म पढेर जाने समूह छ ।"

पुस्तकालयको सदस्यता लिएका जोकोही पनि राति आएर पढ्न पाउने शर्माले जानकारी दिनुभयो । "रू एक हजारमा एक वर्षको, रू छ सयमा छ महिनाको पुस्तकालयको सदस्यता बन्न सकिन्छ", उहाँले भन्नुभयो, "त्रिविका विद्यार्थीबाहेक सात सय पुस्तकालयको सदस्यता बनेका छन् ।"

पुस्तकालय अधिकृत शर्माले राति पढ्ने विद्यार्थी प्रायजसो एकाग्रह भएर पढ्ने खालका, घरमा पढ्ने वातावरण नभएका आउने गरेका बताउनुभयो । "खाना खाएर विद्यार्थी अध्ययन कक्षमा लगातार पढ्ने गरेका छन्", उहाँले भन्नुभयो, "अहिले धेरैजसो वरिपरिका विद्यार्थी नै रहेका छन् ।"

शर्माका अनुसार राति पढ्ने विद्यार्थीका लागि सिटीलाइट, बस र खाजा खाने क्यान्टिनलगायतको समस्या रहेको छ । पुस्तकालयको मुख्य भवन पनि खुल्ने समय बढाइएको उहाँको भनाइ थियो ।

पुस्तकालयको सदस्यता लिएकाले बिहान ५ बजेदेखि साँझ ७ बजेसम्म अध्ययन गर्न पाउने जनाउँदै शर्माले यसअघि मुख्य भवनमा रहेको पुस्तकालय बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मात्र सञ्चालन हुने गरेको बताउनुभयो ।

स्ववियु सचिव सिद्धान्त भट्टले विद्यार्थीलाई ध्यानमा राखेर पुस्तकालयको खुल्ने समय बढाइएको बताउनुभयो । "विश्वविद्यालयका विद्यार्थीमा पढ्ने संस्कृतिको विकास होस् भन्ने उद्देश्यले पुस्तकालय २४सै घण्टा खोल्न पहल गरेका हौँ", उहाँले भन्नुभयो, "२४सै घण्टा पुस्तकालय खोल्दा अन्य विश्वविद्यालयका विद्यार्थी पनि आएर खोज अनुसन्धान विषयमा अध्ययन गर्न पाएका छन् ।"

भट्टले पुस्तकालयका २४सै घण्टा खोले पनि पनि पढ्ने विद्यार्थीलाई क्यान्टिन नहुँदा रातिपख चिया, खाजाको समस्या रहेको बताउनुभयो । उहाँका अनुसार अहिले पुस्तकालयमा चार लाख ४० हजार राष्ट्रिय र अन्तर्राष्ट्रिय पुस्तक रहेका छन् ।

पुस्तकालयको सदस्यता बनेका जोकोहीले पनि ती पुस्तक घरमा लगेर पढ्न पाउनुका साथै अनलाइनका माध्ययबाट पनि पुस्तक पढ्न पाउनेछन् । यहाँ दैनिक सात सयभन्दा बढी विद्यार्थी पढ्न आउने गरेका छन् ।

**नयाँ भवनमा पुस्तकालय**

पुस्तकालयका निमित्त प्रमुख सुवेदीका अनुसार आगामी महिनादेखि पुस्तकालय नयाँ भवनमा सर्ने बताउनुभयो । उहाँले अपाङ्गमैत्री साढे चार तलाको अत्याधुनिक भवनमा पुस्तकालय सर्ने जानकारी दिनुभयो । उहाँका अनुसार नयाँ भवनमा एकै पटक दुई हजार विद्यार्थी पढ्न मिल्नेछ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569



**लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय**

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# मधेसका ४३ प्रतिशत किसान परिवारलाई खाना अपुग

जनकपुरधाम, ९ मङ्सिर (रासस) ।
अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशमा कृषिकर्म गर्नेमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको छ । राष्ट्रिय कृषि गणना–२०७८ अनुसार मधेसमा सात लाख ३८ हजार तीन सय ४० कृषक परिवारमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नै उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको हो ।

नेपालको कूल जनसङ्ख्यामध्ये ६१ लख १४ हजार छ सय जनसङ्ख्या अर्थात् ११ लाख ५६ हजार सात सय १५ परिवार बसोबास गर्ने यस प्रदेशमा सात लाख ३८ हजार तीन सय ४० अर्थात् ६३.८ प्रतिशत परिवार कृषक रहेका तथ्याङ्कमा उल्लेख गरिएको छ ।

प्रदेशका आठ जिल्लामा छरिएर रहेका ती कृषक परिवारले चार लाख ९२ हजार चार सय ९७ हेक्टरमा कृषिकार्य गर्ने गरेकामा ५७ प्रतिशतलाई मात्रै आफ्नै कृषि उत्पादनले वर्षैभरि खान पुग्ने गरेको कृषि गणना २०७८ मा उल्लेख गरिएको छ ।

तथ्याङ्कले अधिकांश कृषक परिवारले जीवन निर्वाहका लागि मात्रै कृषि कर्म गर्ने गरेको देखाएको छ । जसअनुसार कृषि उत्पादनको हिस्सामध्ये १ दशमलव ८ प्रतिशत मात्रै बिक्री गर्ने गरिएको र त्यसबाहेक ६२ दशमलव २ प्रतिशत सबै घरायसी, ३० प्रतिशत मुख्य घरायसी र केही बिक्री तथा ५ दशमलव ६ प्रतिशत मुख्य बिक्री र केही घरायसी प्रयोग गर्ने गरिएको छ । मधेस प्रदेशमा अहिले पनि आम्दानीको मुख्यस्रोत कृषि कार्य हो भनी बताउने कृषकको प्रतिशत ६४ दशमलव ३ छ ।

कृषक परिवारअन्तर्गत मधेसमा जम्मा कित्ता सङ्ख्या २१ लाख ७४ हजार सात सय ९८ र प्रतिकृषक परिवार कित्ता सङ्ख्या २.९ देखाएको छ । यहाँ सबैभन्दा बढी तीन लाख ८४ हजार पाँच सय ५३ हेक्टरमा धानबाली र दुई लाख ४७ हजार छ सय नौ हेक्टरमा गहुँ र ३३ हजार सात सय १९ हेक्टरमा मकै रहेको छ । यहाँ एकबाली सकिनासाथ अर्को बाली लगाउने अर्थात् बाली सघनता १.८७, स्थायी बालीका रूपमा रहेका आँप, केरा र कागती क्रमशः १५ हजार चार सय ३३ हे, एक हजार एक सय ८३ र एक सय ३७ हेक्टर छ ।

कृषि गणनाको विवरणअनुसार कृषि कार्यका लागि उपकरण प्रयोग गर्ने किसानको सङ्ख्यामध्ये ट्र्याक्टर ६४ दशमलव सात, फलामे हलो २० दशमलव आठ र पावरट्रिलर चार दशमलव सात प्रतिशत छ । त्यस्तै, प्रदेशमा १६ दशमलव दुई प्रतिशत कृषक परिवारले कृषि प्रयोजनका लागि ऋण लिएका, एक दशमलव दुई प्रतिशतले मात्रै कृषि बीमा गरेका र तीन दशमलव सात प्रतिशतले सरकारी अनुदान पाएका छन् ।

यहाँ मुख्य कृषकमा ८५ दशमलव आठ प्रतिशत पुरुष र १४ दशमलव दुई प्रतिशत महिला रहेको छन् भने कृषक परिवारमध्ये ३० दशमलव एक प्रतिशतले कृषि कार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गर्ने गरेका छन् ।

त्यस्तै, मधेसमा गाईगोरुको सङ्ख्या करिब तीन लाख ८० हजार, राँगाभैंसीको सङ्ख्या करिब पाँच लाख २९ हजार, बाखा, खसी, बोका, च्याङ्ग्राको सङ्ख्या करिब १४ लाख ४८ हजार तथा कुखुराको सङ्ख्या करिब २४ लाख ६१ हजार रहेको पनि तथ्याङ्कले देखाएको छ ।

**के भन्छन् सरोकारवाला ?**

कृषि गणनाको सार, कृषि योजनाको पूर्वाधार भन्ने नारासहित गरिएको राष्ट्रिय कृषि गणना २०७८ को नतिजाले अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशकै अवस्था चिन्ताजनक देखाएको छ ।

प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले सिँचाइ पूर्वाधार, समयमा मल नपाइनु, अनुदानको न्यायोजित वितरण नहुनुलगायत कारणले वास्तविक कृषकलाई जीवननिर्वाह गर्नसमेत समस्या भइरहेको बताउनुभयो ।

मन्त्री न्यौपानेले मधेसमा सिँचाइको पर्याप्त सम्भावना भए पनि कृषिक्षेत्र र मधेस सधैँ उपेक्षामा परेका कारण यहाँका कृषकले लाभ लिन नसकेको बताउनुभयो । त्यसलाई मध्यनजर गरी प्रदेश सरकारले कृषिसम्बन्धी ऐन निर्माण गरी कृषि क्षेत्रको व्यवसायीकरण र नागरिकको आकर्षण बढाउने गरी काम गर्ने योजना बनाएको उहाँको भनाइ थियो ।

तथ्याङ्कमा मधेस प्रदेशमा कूल सिञ्चित क्षेत्र ७४ प्रतिशत र सिँचाइ सुविधा लिएका परिवारको सङ्ख्या ८३ प्रतिशत रहेको भनिए पनि अहिले आकाशेपानी र टचुबवेल, पम्पसेटको सहारामा परम्परागत शैलीको कृषिकर्म गर्नुपर्ने बाध्यता छ ।

प्रदेशसभा सदस्य रामअशिष यादवले समयमा र पर्याप्त पानी नपरेका कारण यही वर्ष मधेशका किसानले भोगेका समस्याबारे कोही अनभिज्ञ नरहेको भन्दै युगान्तकारी परिवर्तन गर्ने सिँचाइ पूर्वाधार नबनाए मधेस मरुभूमि बन्ने खतरा रहेको बताउनुभयो ।

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले कृषिप्रधान मुलुक भने पनि त्यसबाट लाभ लिने गरी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था तथा रणनीतिक उपयोग गर्न नसक्दा समस्या भइरहेको बताउनुभयो ।

मण्डलले कृषिबाट लाभ लिनका लागि अन्य देशले कृत्रिम नदी निर्माण गरिरहेका सन्दर्भ उल्लेख गर्दै नेपालले पनि अन्नभण्डारका रूपमा रहेको मधेस प्रदेशमा चुरेको फेदमा कोसीदेखि नारायणीसम्म कृत्रिम नदी निर्माण गर्न समयमै सोच्नुपर्ने सुझाव दिनुभयो ।

मधेस प्रदेशसभा प्राकृतिक स्रोत तथा वातावरण समितिका सभापति शारदा दास (पहाडी) ले कृषिमा आधुनिकीकरण र व्यवसायीकरणका माध्यमबाट किसानलाई आकर्षण गर्नुपर्नेमा जोड दिनुभयो । "कृषिमा आधारित उद्योगको प्रवर्द्धन, कृषकलाई प्रोत्साहन र सिँचाइलगायत पूर्वाधारको विकास गर्ने ठोस नीति नलिएमा आगामी केही वर्षमा अधिकांश जमिन बाँझो र खण्डहर हुने अवस्था आउन सक्छ । त्यसैले सबै तहका सरकार यसमा गम्भीर बन्न जरुरी छ", उहाँले भन्नुभयो ।

*प्रतिबन्धित २५ ...*

दुई जना तस्करहरु गस्तिमा रहेका प्रहरीलाई देख्ना साथ सो गाजा छाडेर भागेको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वाटर सप्तरीका सूचना अधिकारी डिएसपी मोहनराज विष्टले बरामद गाजा शनिबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाई सो सम्बन्धमा थप अनुसन्धान भइरहेको जनाए ।

भारतमा गाजा महँगोमा बिक्रि हुने गरेकाले केही व्यक्ति लुकिछिपी गाजा खेती गर्ने र रातको समयमा प्रहरीको आखा छलेर भारतीय बजारमा पुऱ्याउने गरेको सूचना आएपछि रात्री गस्ति कडा पारिएको सशस्त्र प्रहरीले जनाएको छ ।

*उद्योग दिवसमा ...*

कार्यक्रममा उद्योगि छत्रनारायण यादव, महिला उद्यमी पारो कुमारी चौधरी, उद्योग बाणिजय संघ सप्तरीका बरिष्ठ उपाध्यक्ष दुर्गानन्द साह, नेपाल पत्रकार महासंघका सभापति श्रवणकुमार देव, घरेलु महासंघका निवर्तमान अध्यक्ष उमेश दाहाल लगायतले जिल्लामा संचालित साना उद्योग र उद्यमीहरुको समस्या, चुनौती र सम्भावनाहरुप्रति प्रकाश पारेका थिए ।

## मुलुकको समृद्धिका निम्ति एकजुट हुनुपर्ने

काठमाडौँ, ९ मङ्सिर (रासस) । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकको समृद्धिका निम्ति राजनीतिक दललगायत समाजका सबै वर्ग एकजुट हुनुपर्ने बताउनुभएको छ ।

नेकपा एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा शुक्रबार आयोजित एक कार्यक्रममा अध्यक्ष नेपालले सुशासन प्रवर्द्धन गर्दै सामाजिक न्यायमा आधारित आर्थिक रुपान्तरण देशको अहिलेको आवश्यकता भएको बताउनुभयो ।

जनतालाई राजनीतिक परिवर्तनको प्रत्याभूति गराउन सुशासन कायम गर्नु अपरिहार्य भएको औँल्याउँदै उहाँले उत्पादन वृद्धि तथा रोजगारीका अवसर सृजना नगरी सामाजिक रुपान्तरण कठिन हुने विचार व्यक्त गर्नुभयो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रविरुद्धका गतिविधि परास्त गर्न सबै लोकतान्त्रिक शक्ति एकताबद्ध हुनुपर्नेमा जोड दिँदै पूर्वप्रधानमन्त्री नेपालले राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको रक्षा नै सर्वोपरि भएको बताउनुभयो ।

## घृणायुक्त अभिव्यक्ति नदिन आयोगको आग्रह

काठमाडौँ, ९ मङ्सिर (रासस) ।
राष्ट्रिय मानव अभियोगले नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै प्रदर्शनकारीमाथि अनावश्यक बल प्रयोग र धरपकड नगर्न सरकारलाई आग्रह गरेको छ ।

आयोगले आफ्ना विमति र विरोधका कार्यक्रम गर्दा संविधान, कानुन र मानव अधिकारका मूल्यमान्यता र परिधिभित्र रहेर गर्न आग्रह गरेको हो ।

"कसैप्रति लक्षित गरी घृणायुक्त अभिव्यक्ति नदिन एवम् यस प्रकारका पोष्टर तथा श्रव्यदृश्य सामग्री सामाजिक सञ्जालमा नराख्नु"–आयोगका प्रवक्ता टीकाराम पोखरेलले शुक्रबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा भनिएको छ, "सामाजिक सञ्जालको दुरुपयोग रोक्न, हिंसा भड्किने प्रकारका कुनै पनि गतिविधि गरी जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्न आयोग प्रदर्शनरतपक्षलाई आग्रह गर्दछ ।"

राष्ट्रिय युवा सङ्घ नेपाल र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानका नामबाट बिहीबार काठमाडौँमा भएको प्रदर्शन र त्यसपश्चात् विभिन्न माध्यमबाट सार्वजनिक भएका घृणायुक्त अभिव्यक्तिप्रति आफ्नो ध्यानाकर्षण भएको जनाउँदै सबै दुवै पक्षलाई संयमित हुन र घृणायुक्त अभिव्यक्ति नदिन अनुरोध गरेको हो ।

## विश्व समाचार

### इजरायलको प्रधानमन्त्री कार्यालयद्वारा हमासद्वारा रिहा गरिएका बन्धकहरूको सूची सार्वजनिक

तेल अवीव, ९ मङ्सिर (रासस/एएनआई) ।
इजरायली प्रधानमन्त्रीको कार्यालयले गत अक्टोबर ७ को आतङ्कवादी हमलामा हमासद्वारा बन्धक बनाएर शुक्रबार रिहा गरिएका व्यक्तिहरूको नाम सार्वजनिक गरेको छ ।

इजरायली प्रधानमन्त्री कार्यालयले हमाससँगको सम्झौताको एक भागका रूपमा उद्धार गरिएकामध्ये ११ विदेशी नागरिक रहेको जानकारी दिएको छ ।

अमेरिका र कतारको मध्यस्थतामा भएको सम्झौता अनुसार उद्धार गरिएका २४ जना हमास बन्धकहरूको सट्टामा इजरायलले ३९ प्यालेस्टिनी बन्दीहरूलाई पनि मुक्त गरेको थियो ।

"इजरायली सरकारले घर फर्केका हाम्रा नागरिकहरूलाई स्वागत गर्छ। इजरायली सरकार सबै अपहरण र बेपत्ता व्यक्तिहरूलाई फिर्ता गर्न प्रतिबद्ध छ," प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

'हाम्रा नागरिकहरूले प्रारम्भिक चिकित्सा परीक्षण गराएका थिए र उनीहरूका परिवारहरूलाई हाम्रा अधिकारीहरूले उनीहरू फर्केको जानकारी गराएका छन्' - इजरायली सरकारले जनाएको छ ।

इजरायली प्रधानमन्त्री कार्यालयले स्वदेश फर्किएका १३ नागरिकको विवरण पनि सार्वजनिक गरेको छ ।

घर फर्किएका आशेर परिवारका तीन सदस्य डोरोन कात्ज-आशेर (३४), राज आशेर (४) र अविव आशेर (२) रहेका छन् । त्यसैगरी अलोनी परिवारका रिहा भएका दुई सदस्य ड्यानियल अलोनी (४५) र अमेलिया अलोनी (५) रहेका छन् । उद्धार गरिएका मोन्डर परिवारका रुथ मुन्डर (७८), केरेन मोन्डर (५४) र ओहद मोन्डर (९) रहेका छन् ।

उनीहरू बाहेक अन्य पाँच इजरायली नागरिक अदिना मोशे (७२), हाना कात्जिर (७६), मार्गालिट मोजेस (७७), हन्ना पेरी (७९) र याफे अदार (८५) लाई पनि कैदबाट रिहाइ गरिएको थियो ।

रिहाइ गरिएका बन्धकहरूलाई आफ्ना आफन्तकहाँ फर्कने क्रममा सरकारले सबैको साथ दिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

यसअघि शुक्रबार इजरायली बन्धकहरूको पहिलो समूहलाई इजरायल र हमासबीचको बन्धक सम्झौताको एक भागको रूपमा रेडक्रसका लागि अन्तरराष्ट्रिय समितिका कर्मचारीहरूलाई सुम्पिएको इजरायलको टाइम्स अफ इजरायलले उल्लेख गरेको छ ।

इजरायल र हमासबीच कतारको मध्यस्थतामा भएको युद्धविराम शुक्रबार बिहान ७ बजे (स्थानीय समय) बाट लागू भएको थियो ।

शुक्रबार बन्धकहरूलाई रिहा गरेपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गाजाबाट सबै बन्धकहरूलाई फिर्ता गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।

सोशल मिडिया प्लेटफर्म ह (पहिले ट्विटर) मा पोस्ट गरिएको भिडियो सन्देशमा नेतान्याहुले भन्नु भएको छ - हामीले भर्खरै हाम्रा पहिलो बन्धकहरू: बालबालिका, उनीहरूका आमाहरू र महिलाहरूको फिर्ती पूरा गरेका छौं ।

त्यसैगरी अमेरिकी राष्ट्रपति जो बाइडेनले यसलाई 'प्रक्रियाको सशुरुवात' भन्नु भएको छ। उहाँले थप आशा व्यक्त गर्दै", थप्रै बन्धकहरू" आउँदो केही दिनमा उनीहरूको परिवारमा फर्किने बताउँनु भएको छ ।

टाइम्स अफ इजरायलले उल्लेख गरे अनुसार प्रत्येक १० इजरायली बन्धकहरूको लागि थप एक दिन युद्धविरामको विस्तारको बदलामा हमासले थप बन्धकहरूलाई मुक्त गर्नु पर्नेछ ।

यद्यपि गत अक्टोबरदेखि हमास आतङ्ककारीहरूले बन्धक बनाएका २४० जनामध्ये रिहा गरिएका बन्धकहरू सानो सङ्ख्या मात्र हो ।

### गाजाबाट बाह्र थाई बन्धक रिहा : थाई प्रधानमन्त्री

बैङ्कक, ९ मङ्सिर (रासस/सिन्ह्वा) ।
गाजा पट्टीमा बन्धक बनाइएका बाह्र जना थाई नागरिकलाई रिहा गरिएको थाई प्रधानमन्त्री श्रेथा थाभिसिनले शुक्रबार बताउनुभएको छ ।

थाई दूतावासका अधिकारी रिहा गरिएका बन्धकहरूलाई लिनको लागि बाटोमा रहेको प्रधानमन्त्री श्रेथा थाभिसिनल सामाजिक सञ्जाल पोस्टमार्फत उल्लेख गर्नुभएको छ ।

बन्धकहरू इजरायल प्रवेश गरेका छन् तथा हाल हात्जेरिम एयर फोर्स बेसमा प्रशोधन केन्द्रमा लगिएको थाई विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत भन्यो ।

रिहा गरिएका बन्धकहरूलाई उनीहरूको मेडिकल सुविधामा आइपुगेपछि सहयोग गरिनेछ जहाँ उनीहरूलाई ४८ घण्टाको मेडिकल सुपरिवेक्षणमा राखिनेछ र बाहिरका मानिसहरूको पहुँच हुनेछैन, विज्ञप्तिमा भनिएको छ ।

हमास र इजरायलले यस हप्ताको सुरुमा गाजापट्टीमा चार दिनको युद्धविराममा सहमति जनाएका थिए । सम्झौता अन्तर्गत हमासले इजरायलमा बन्दी रहेका एक सय ५० प्यालेस्टिनी बन्दीहरूको बदलामा गाजाबाट कम्तीमा ५० जना बन्धकहरूलाई रिहा गर्ने छ ।

# लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान सुरु




**दैनिक समाचारदाता राजविराज, ९ मंसिर ।**
लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान शनिबारदेखी सप्तरीमा समेत सुरु भएको छ । अभियानको पहिलो दिन "लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको एक्यबद्धता" नारा सहित प्रभातफेरी र कोणसभाको आयोजना गरिएको छ ।

जिल्ला समन्वय समितिको प्राङ्गणबाट सुरु भएको प्रभातफेरी नगर परिक्रमा गर्दै गजेन्द्र चौकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

सभामा प्रमुख जिल्ला अधिकारी किरण थापा, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविन, जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख गजुसिद्धि बज्राचार्य, राष्ट्रिय अनुसन्धान कार्यालयका उपनिर्देशक सुरेन्द्र कोइराला, महिला सचेतना समाजकी अध्यक्ष सुनिता साह, सेभ द सप्तरीका अध्यक्ष ध्रुव देव, एकल महिला संगठनकी अध्यक्ष अनिता देवकोटा, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, महिला मानव अधिकार रक्षक संजालकी अध्यक्ष मनु खनाल, सबल नेपालका परमेश्वर झा लगायतका वक्ताहरुले समाजमा बालबिवाह, बहुविवाह, दाइजो प्रथा, बलात्कार लगायतका महिला हिंसाका घटना र बिकृती अझै विद्यमान रहेको प्रति चिन्ता व्यक्त गर्दै हिंसारहित समाजको निर्माणमा महिला र पुरुषबीच सहकार्य आवश्यक रहेको औंल्याए ।

हिंसा गतिबिधी न्युनिकरण तथा नियन्त्रण गर्ने उद्देश्यले अधिकार, न्याय तथा सामाजिक क्षेत्रमा आवद्ध विभिन्न संघसंस्था, विद्यालयका शिक्षक, विद्यार्थी, नागरिक समाज तथा सुरक्षा निकायका प्रमुख सम्मिलित जिल्ला स्तरिय लैङ्गिक हिंसा नियन्त्रण संजाल सप्तरीको आयोजनामा अभियान सुरु गरिएको हो ।

१६ दिनसम्म चल्ने यो अभियान अन्तरगत लैङ्गिक हिंसा निवारण र महिला सशक्तिकरण सम्बन्धी विशेष कार्यक्रमहरु संचालनमा ल्याइने जिल्ला स्तरिय लैङ्गिक हिंसा नियन्त्रण संजाल सप्तरीले जनाएको छ ।

विश्वभर नोभेम्बर २५ तारिखलाई महिलामाथी हुने हिंसा बिरुद्ध अन्तराष्ट्रिय दिवसका रुपमा मनाउँदै आएको छ । नेपालमा यो अभियान बि.स. २०५४ सालदेखी मनाउन थालिएको हो ।

# मैसापका पूर्व अध्यक्ष झाको निधनमा शोकसभा




**दैनिक समाचारदाता राजविराज, ९ मंसिर ।**
मैथिली साहित्य परिषद् सप्तरीले शनिवार संस्थाका पूर्व अध्यक्ष शुभचन्द्र झाको निधनमा शोकसभा गरेको छ ।

राजविराजस्थित मैथिली भवनमा आयोजित शोक सभामा वक्ताहरुले स्व. झाले मैथिली भाषा संस्कृति संरक्षणमा गरेको योगदान वारे चर्चा गरेका छन् ।

परिषद्का पूर्व अध्यक्ष विष्णु मंडलले दिवंगत झालाई एक कुशल व्यवस्थापक र संगठनकर्ताको रुपमा चित्रण गरेका छन् ।

यस्तै अर्का पुर्वध्यक्ष देवन्द्र मिश्रले मिथिला साप्ताहिक पत्रिकाको नियमित प्रकाशनमा झाले खेलेको भूमिका वारे चर्चा गरे ।

निवर्तमान अध्यक्ष सतिश कुमार दत्तले झाको निधनवाट मैथिली साहित्य परिषद् मात्रै नभई समग्र मिथिला क्षेत्रमा अपूर्णिय क्षति भएको वताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण, परिषद्का पूर्व अध्यक्ष विवेकानन्द मिश्र, पूर्व सचिव अजय कुमार झा, प्रेस मन्च सप्तरीका अध्यक्ष भूषण सिंह सहितकाले दिवंगत झाप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनको योगदान वारे चर्चा गरेका थिए ।

यसैविच शोक सभामा समापन मन्तव्य राख्दै मैथिली साहित्य परिषद् सप्तरीका अध्यक्ष अवधेश कुमार झाले दिवंगत झाको स्मृतिमा एक लाखको पुरस्कार कोष स्थापना गर्ने उद्घोष गरे ।

उनले शुभचन्द्र झा स्मृति मैथिली भाषा कला संस्कृति क्षेत्रमा काम गर्ने एक जना व्यक्तिलाई प्रत्येक वर्ष ११ हजार नगदबाट पुरस्कृत गरिने जानकारी दिए ।

# तीन दिवसीय नेपाल भारत मैत्री साँस्कृतिक संगम भारतको बृन्दावनमा आयोजना हुने




**दैनिक समाचारदाता राजविराज, ९ मंसिर ।**
नेपाल भारत मैत्री संगठनको आयोजनामा तीन दिवसीय दोश्रो अन्तराष्ट्रिय साँस्कृतिक संगम आगामी पुस २१ देखी भारतको बृन्दावनमा हुने भएको छ ।

नेपाल र भारतका गरी करिब पाँच सय जना प्रतिनिधि र पर्यवेक्षक सहभागि हुने संगठनका नेपाल प्रभारी अर्चना सिंहले जानकारी दिएकी छिन् ।

दोश्रो अन्तराष्ट्रिय साँस्कृतिक संगम भब्य र सभ्य बनाउन आवश्यक तयारी सुरु भएको जानकारी दिएकी सिंहले यसको लोगो पनि सार्वजनिक गरिएको बताइन् । नेपाल भारत मैत्री संगठनका अन्तराष्ट्रिय अध्यक्ष अनुपकुमार सिंहद्वारा भारतको नयाँ दिल्लमा एक कार्यक्रमको आयोजना गरि लोगो सार्वजनिक गरिएको सिंहको भनाई छ ।

लोगोमा दुबै देशको झण्डासहित "देश भेष भाषा अनेक फिर भी संस्कृति एक" भन्ने स्लोगन राखिएको छ । लोगोमा भगवान श्री कृष्णको नगरी बृन्दावन प्रतिबिम्बित हुने मयुरको प्वाख र बाँसुरीलाई आकर्षक ढंगले प्रस्तुत गरिएको छ ।

संगमले नेपाल भारत बीचको सम्बन्धलाई थप प्रगाढ बनाउन मद्दत पुऱ्याउने विश्वास गरिएको आयोजक संगठनकी सदस्य समेत रहेकी महिला अधिकारकर्मी राजविराज ७ निवासी सुनिता साहले बताइन् । तीन दिने उक्त संगममा नेपाल भारत मैत्री कन्वेलभ मार्फत दुबै देशका जनताका सरोकारसँग सम्बन्धित चार वटा कार्यत्रपत्र माथी छलफल गरिने उनले जानकारी दिइन् ।

# जसपाका प्रदेश र राष्ट्रिय समिति पुनःगठन हुने

काठमाडौँ, ९ मङ्सिर (रासस) ।
जनता समाजवादी पार्टी ( जसपा) नेपालले शनिबार प्रदेश र राष्ट्रिय समिति पुनःगठन गर्न लागेको छ ।

गण्डकी प्रदेश समिति र पहिचानका समितिमध्येको लिम्बूवान राष्ट्रिय समिति शनिबार पुनःगठन गर्न लागिएको पार्टीका केन्द्रीय प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार पार्टीले सञ्चालन गरेको तीनमहिने पार्टी विस्तार तथा सुदृढीकरण अभियानअन्तर्गत सङ्गठन गठन, पुनःगठन तथा रुपान्तरणको कार्यअन्तर्गत बाँकी रहेका प्रदेश र राष्ट्रिय समिति पुनःगठन हुन लागेको हो ।

यसैगरी पोखरामा हुन लागेको गण्डकी प्रदेश समिति पुनःगठनमा पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य एवं गण्डकी प्रदेश समिति इन्चार्ज शिवलाल थापामगर र पाँचथरको फिदिममा हुन लागेको लिम्बूवान राष्ट्रिय समिति पुनःगठनमा पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य रकम चेम्जोङ प्रमुख अतिथि रहनुहुने केन्द्रीय प्रचारप्रसार तथा प्रकासन विभाग प्रमुख बस्नेतले बताउनुभयो ।

# बर्दियामा आगलागी चार जनाको मृत्यु

बर्दिया, ९ मङ्सिर (रासस) ।
बर्दियाको गुलरिया नगरपालिका-४ तुलापुरको एक घरमा गएराति आगलागी हुँदा चार जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय बर्दियाका अनुसार १८ महिनाका कार्तिक चन्द, ७ वर्षका कृष चन्द, १० वर्षका मानसिं बुढा र ३२ वर्षकी राधा बुढाको मृत्यु भएको हो आगोले पोलेर घाइते भएकी २८ वर्षकी करिष्मा चन्दको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । आगलागीको कारण नखुलेको र त्यससम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**व्यक्तिगत विवरण सुरक्षित राखौं, साईवर अपराधबाट जोगिऔं**

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दाः
- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
- अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।
- ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।
- आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*